# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS DATE 05.05.2024**

### • Nurses Week Celebration

नर्स कल्याण संघले गान्तोकस्थित STNM अस्पताल परिसरमा आजदेखि वैश्विक स्तरमा नर्सहरूको आशाधारण योगदानलाई मान्यता दिँदै नर्स सप्ताह नामक एउटा वार्षिक उत्सव पालन गरिरहेछ। कार्यक्रमको समापन आगामी एघार मईका दिन हुनेछ। कार्यक्रमको शुरूमा संघले आज बिहान सात बजीदेखि STNM अस्पतालबाट झाँक्रि फल्ससम्म पाँच किलोमिटरको नर्सेस रनको आयोजना गऱ्यो। यस अवसरमा नर्सिङ सुपिरिन्टेन्डेन्ट श्रीमती फुर्बा लह्मु भोटिया, सामुदायिक नर्सिङ अधिकारी श्रीमती सुमित्रा राई, उपनर्सिङ अधिक्षक श्रीमती सशीकला तामाङ आदिको उपस्थिति थियो। यस दौड़मा स्टाफ नर्सहरूमा श्रीमती सोभा मिश्र प्रथम, श्रीमती रोशनी शर्मा दोस्रो र श्रीमती कर्मा लाडेन भोटिया तेस्रो भए। यस प्रतियोगितामा सहभागिता जनाउने सबै नर्सहरूलाई t-shirt र पदक प्रदान गरियो। स्वास्थ्य सेवामा नर्सहरूको महत्त्वपूर्ण भूमिकाबारे प्रकाश पार्न र वर्षभरि उनीहरूको समर्पित सेवाको निम्ति कृतज्ञता व्यक्त गर्दै यस वर्ष हाम्रा नर्स हाम्रो भविष्य, हेरचाहको आर्थिक शक्ति अर्थात Our Nurses, Our Future, the Economic Power of Care भन्ने नाराका साथ अन्तरराष्ट्रिय नर्स सप्ताह मनाइँदैछ। सप्ताहव्यापी कार्यक्रममा herbal gardening र रक्तदान शिविर पनि समावेश गरिएको छ। एघार मईका दिन समारोह समापनको अवसरमा नर्स दिवस पनि पालन गरिनेछ।

---------------------------------------X---------------------------------------

### • Meeting on State Day Celebration

मुख्य सचिव श्री VB पाठकको अध्यक्षतामा हिजो आगामी सोल्ह मईका दिन पालन गरिने सिक्किमको उन्चासौं राज्य दिवसको विषयमा बैठस बस्यो। मुख्य सचिवले समारोहका लागि आवश्यक व्यवस्थाको जानकारी दिँदै प्रत्येक विभागलाई सुम्पिएको गतिविधि र कार्यक्रमबारे विस्तार पूर्वक चर्चा गर्नुभयो। यसका साथै उहाँले आगामी वर्ष 2025-मा पालन गरिने राज्य दिवसको पचासौं वर्षगाँठको योजना अघि राख्दै यसका निम्ति आ-आफ्नो विचार राख्न विभागीय प्रमुखहरूलाई प्रोत्साहित गर्नुभयो। यस अवसरमा गृह विभागका अतिरिक्त मुख्य सचिव श्री R तेलाङ, विभागीय प्रमुख, गान्तोकका वरिष्ठ पुलिस अधीक्षक लगायत राज्य सरकारका अन्य अधिकारीगणको उपस्थिति थियो।

---------------------------------------X---------------------------------------

### • ECI International Visitors

देशमा लोकसभा चुनाउ परिदृष्यको अवलोकन गर्न तेहीसवटा देशका चुनाउ प्रबन्धन निकायहरूका पचतरजना सदस्य भारत आएका छन्। आफ्नो यात्रा अवधि प्रतिनिधिहरूले हिजोदेखि शुरू भएको छह दिनको कार्यक्रममा भाग लिइरहेछन्। उच्चतम मानकका साथ आम चुनाउ गराउने प्रतिबद्धता व्यक्त गर्न निर्वाचन आयोगले यी प्रतिनिधिहरूलाई आमन्त्रित गरेको हो। आयोगले भनेको छ, कार्यक्रमको उद्देश्य विदेशी चुनाउ प्रबन्धन निकायहरूलाई भारतको चुनावी प्रणालीको अन्तर र विश्वको सबैभन्दा ठूलो लोकतन्त्रद्वारा उपयोग गरिने सर्वोत्तम प्रथासित परिचित गराउनु हो। यसैबीच, आज मुख्य निर्वाचन आयुक्तत श्री राजीव कुमारले नयाँ दिल्लीमा यी पचतरजना प्रतिनिधिहरूलाई लोकसभा चुनाउको विभिन्न पक्षको जानकारी दिनुभयो। उहाँले तेहीसवटा देशका चुनाउ प्रबन्धन निकायहरूका प्रतिनिधिहरूलाई सम्बोधन पनि गर्नुभयो। यी प्रतिनिधिहरूले छहवटा राज्यहरू महाराष्ट्र, गोवा, गुजरात, कर्नाटक, मध्यिप्रदेश र उत्तरप्रदेशका विभिन्न लोकसभा सीटको भ्रमण गर्नेछन्। उनीहरूको यो भ्रमण कार्यक्रम यसै महिनाको नौं तारिक समाप्त हुनेछ।

---------------------------------------X---------------------------------------

### • Geyzing Gyaba Society

गेजिङ जिल्लाको याङथाग क्षेत्रस्थित ग्यबा जन कल्याण समाज नामक गैर सरकारी संस्थाले आज समाजको मासिक सभासितै स्वच्छता कार्यक्रम आयोजन गऱ्यो। सफाई अभियानमा सन्तमेरी चर्च खोल्साहदेखि याङथाग गोलाई हुँदै पेलिङ गुफा जाने बाटोसम्मको सरसफाइ गरियो। संस्थाले निरन्तर रूपमा सामाजिक र धार्मिक क्षेत्रमा जन कल्याणका कार्यहरू गर्दै आएको बताइएको छ। यस समाजले स्वच्छ भारत मिशनको अभियानलाई आत्मसात गर्दै समय समयमा यस्तो अभियान चलाउँदै आइरहेछ। यस अवसरमा धेरैजनाले समाजलाई मास्क लगायत अन्य उपयोगी सामग्रीहरू प्रदान गरे।

---------------------------------------X---------------------------------------

### • SSKA

सिक्किम राज्य कराते-डो संगठनका पच्चीसजना सदस्यहरूको टोली आगामी नौंदेखि बाह्र मईसम्म उत्तराखण्डको देहरादुनमा हुने अखिल भारत कराते च्याम्पियनशीप 2024-मा भाग लिन भोलि अर्थात छह मईका दिन प्रस्थान हुनेछ। सिक्किमको टोलीले प्रतियोगितामा क्याडेट, कनिष्ठ ठिडा-ठिटी र वरिष्ठ पुरूष एवं महिला वर्गमा भाग लिनेछ। टोलीमा संगठनका तक्निकी निदेशक श्री विधान बल्लभ सुब्बा, प्रबन्धक श्री प्रोसेनजित चक्रवर्ती, पुरूष प्रशिक्षक श्री बुद्धवीर मगर र महिला प्रशिक्षक श्रीमती हेमकुमारी राई शामेल छन्। पाल्जर स्टेडियममा हिजो आयोजित एउटा कार्यक्रमबीच संगठनका कार्यकारी सदस्य एवं कराते खेलाड़ीहरूले टोलीलाई शुभकामना दिएका छन्। कार्यक्रमका मुख्य अतिथि सिक्किम ओलम्पिक संगठनका अध्यक्ष श्री कुबेर भण्डारीले प्रतियोगितामा सिक्किमलाई प्रतिनिधित्व गर्न चयनित भएकोमा टोलीका सदस्यहरूलाई बधाई दिँदै यस राष्ट्रिय प्रतियोगितामा राज्यका लागि पदक र गौरव हासिल गर्न आफ्नो सर्वश्रेष्ठ दिनेछन् भन्ने विश्वासका साथ उनीहरूलाई शुभकामना दिनुभयो। संगठनका महासचिव श्री भिमबहादुर सुब्बाअनुसार यस प्रतियोगितामा उत्कृष्ट दशमा आउनसफल खेलाड़ीहरूले अड़तीसौं राष्ट्रिय खेलकुदमा सहभागिता जनाउनका साथै आगामी Asian Commonwealth Games र विश्व च्याम्पियनशीपमा देशलाई प्रतिनिधित्व गर्ने अवसर पाउनेछन्।

---------------------------------------X---------------------------------------